
Interdisciplinary Research in Education
Volume 9, Issue 2, 2024: 168-179
DOI: https://doi.org/10.3126/ire.v9i2.75080



# शैक्षणिक दृष्टिले नेपाली बालकथाको अध्ययन

**केशव भुसाल**
उपप्राध्यापक, नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
**ORCiD:** https://orcid.org/0009-0005-0189-9497
**Email:** keshabbhusal.tu@gmail.com

**मुख्य शब्दावली**

*बालकथा, विषयवस्तु, पात्रप्रयोग, भाषाशैली, शैक्षणिकता*

**लेखसार**

*प्रस्तुत लेख नेपाली बालकथाको अध्ययनमा आधारित रहेको छ । यस लेखको मुख्य उद्देश्य शैक्षणिक दृष्टिले नेपाली बालकथाको अध्ययन गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यका रूपमा विषयवस्तु, पात्रप्रयोग, भाषाशैली र पठनबोधका दृष्टिले नेपाली बालकथाको शैक्षणिकता अध्ययन गर्नु रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा कक्षा 'छ'मा अध्ययनरत विद्यार्थीबाट प्राप्त प्रतिक्रियालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने अन्य सैद्धान्तिक सामग्रीबाट लिइएका सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । त्यसरी सङ्कलन गरिएका सामग्रीहरूलाई शैक्षणिकतासम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । यस सिलसिलामा नेपाली र अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको प्रयोग गरिएको छ । यस अध्ययनका आधारमा नेपाली बालकथाहरू विषयवस्तुका दृष्टिले शैक्षणिक देखिएका छन् भने पात्र प्रयोगका दृष्टिले ठिकै मात्र देखिएका छन् । भाषाशैलीका दृष्टिले भने नेपाली बालकथाहरू कम शैक्षणिक देखिएका छन् । पठनबोधका दृष्टिले हेर्दा नेपाली बालकथाहरू मध्यम प्रकृतिका देखिएका छन् । विद्यार्थीहरूले सम्बन्धित बालकथाहरूको अध्ययन गरी दिएका प्रतिक्रियाको विश्लेषणका आधारमा प्रायः सबै कथाहरू बालबालिकाको उमेर र स्तरअनुसारका नरहेका देखिन्छन् ।*

## अध्ययनको पृष्ठभूमि

बालसाहित्य बालबालिकाका लागि लेखिएका रचनासँग सम्बन्धित रहेको छ । यसले बालकेन्द्रित विषयवस्तुमा आधारित सिर्जनालाई जनाउँदछ । पराजुली (२०६८) का अनुसार बालबालिकालाई हँसाउँदै, रमाउँदै, खेलाउँदै अप्रत्यक्ष रूपमा नैतिकताको पाठ पढाउने साहित्यलाई बालसाहित्य भन्न सकिन्छ । यसको निश्चित प्रयोजन एवम् उद्देश्य रहेको हुन्छ । बालसाहित्यअन्तर्गत विभिन्न विधाहरू पर्छन् । यसअन्तर्गत बालकथा, बालकविता, बालउपन्यास, बालनिबन्ध, बालउपयोगी जीवनी

आदि विधाहरू पर्छन् । यीमध्येको एउटा विधा बालकथा हो । यसलाई बालबालिकाका लागि लेखिएको रचनाका रूपमा व्याख्या गर्न सकिन्छ । बालबालिकाका लागि लेखिएका कथा प्रौढहरूका लागि रचना गरिएका कथाका तुलनामा भिन्न हुन्छन् । पाण्डे (२०७६) का अनुसार बालबालिकाले पढ्न सक्ने, बुझ्न सक्ने गरी उनीहरूको स्तरअनुरूपका भाव र विचारका साथ सरल, सहज भाषाशैलीमा लेखिएको रचनालाई बालकथा भनिन्छ । उनका अनुसार बालकथा बालबालिकाकै लागि हुनुपर्छ । पढ्न नसक्नेका लागि सुनाउने बालकथा, पढ्न सक्नेका लागि पढ्ने बालकथा । पाण्डेको यस अवधारणालाई दृष्टिगत गर्दा बालकथा बालबालिकाको उमेर, चाहना एवम् स्तरअनुसार सरल भाषामा लेखिएको हुनुपर्छ । साहित्यका अन्य विधामा जस्तै बालकथामा पनि खासखास अवयवहरू अन्तर्निहित हुन्छन् । बालकथा आख्यानात्मक विधाअन्तर्गत पर्ने भएकाले यसका अवयवहरू मूलतः कथा विधासँग निकट रहेका हुन्छन् । अर्को शब्दमा बालकथामा कथामा जस्तै कथानक, पात्र वा चरित्र, परिवेश, भाषाशैलीजस्ता तत्त्वहरू अन्तर्निहित हुन्छन् । यी अवयवहरूले बालकथालाई सरल, पठनीय, मनोरञ्जनात्मक तथा आह्लादकारी बनाएका हुन्छन् ।

बालकथाले बालबालिकाहरूलाई मनोरम तरिकाले लक्षित सन्देश प्रवाह गर्न सक्नुपर्ने हुन्छ । अधिकारी (सन् २००७) का दृष्टिमा बालकथा नेपाली बालसाहित्यको बालआख्यान विधाको एउटा अत्यन्त लोकप्रिय उपविधा हो । यसले बालबालिकालाई मनोरञ्जनात्मक ढङ्गमा आवश्यक ज्ञानको बोध गराउन सक्नुपर्छ । यसलाई नेपाली बालसाहित्यका अरू विधाका तुलनामा निकै उर्वर विधाका रूपमा पनि लिइन्छ । श्रेष्ठ (२०७०) का अनुसार बालकथाको जननीका रूपमा लोककथालाई लिन सकिन्छ । यसका लोककथा र गाउँखाने कथाहरूलाई यसका पुराना स्वरूप मान्न सकिन्छ । लोक जीवनमा यस किसिमका कथाहरू बालबालिकालाई फकाउने प्रयोजनले, पुल्पुल्याउने प्रयोजनले, भुलाउने प्रयोजनले तथा हँसाउने प्रयोजनले सुनाउने गरिएको मानिन्छ । यस्ता कथाहरूको आरम्भ लाई एकादेशमा एउटा . . . बाट सुरु गरेर सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठमा जाला भन्ने कथनमा पुऱ्याई टुङ्ग्याइएको पाइन्छ । वर्तमान सन्दर्भमा रचना गरिएका बालकथाको क्षेत्र विशद् बन्दै गएको देखिन्छ । अर्थात् समकालीन बालकथाहरू परम्परागत विषय क्षेत्रभन्दा विस्तीर्ण बनेका छन् । सम्प्रति बालकथाका विषयवस्तुका रूपमा विज्ञानप्रविधि, सूचनासञ्चार, सामाजिक सञ्जाल, अन्तरिक्ष आदि उपयोगमा आएका देखिन्छन् । जसले नेपाली बालकथालाई परम्पराभन्दा भिन्न तुल्याउने काम गरेका छन् । यद्यपि बालकथाहरू बालमैत्री, पठनीय एवम् रुचिकर हुनु अत्यावश्यक हुन्छ । यसका लागि बालकथाको विषयवस्तु, पात्र प्रयोग, भाषाशैली बालोपयोगी हुनुपर्छ । साथै बालकथाहरू पठनबोधका दृष्टिले ग्राह्य, सरल एवम् सरस पनि हुनुपर्छ । यस दृष्टिले नेपाली बालकथाहरू उपयुक्त भए नभएको सम्बन्धमा उल्लेख्य अध्ययन भएको देखिंदैन । यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययन गरिएको छ । जसबाट नवीन तथ्य उद्घाटन भएको ठानिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य नेपाली बालकथाको अध्ययन गर्नु रहेको छ । यस अध्ययनका अन्य उद्देश्यहरूमा विषयवस्तु, पात्र प्रयोग, भाषाशैली र पठनबोधका दृष्टिले नेपाली बालकथाको शैक्षणिकता अध्ययन गर्नु रहेका छन् ।

## पूर्वकार्यको पुनरावलोकन

बालसाहित्यअन्तर्गतको एक विधा बालकथा र यसमा आधारित भएर सैद्धान्तिक तथा प्रयोगात्मक

कार्यहरू भएका देखिन्छन् । जसमध्ये केहीको पुनरावलोकन निम्नानुसार गरिएको छ :

बालसाहित्य, बालकथा र यससम्बन्धी विभिन्न पक्षका बारेमा अनेकन् धारणा पाउन सकिन्छ । प्रधान (२०६९) का अनुसार बालसाहित्य शब्दको निर्माण 'बाल' र 'साहित्य' को संयुक्त रूपबाट भएको हो । जसमध्ये 'बाल' शब्दले बालबालिका र 'साहित्य' शब्दले मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको एक विशिष्ट विधालाई दर्साउँछ । यसअन्तर्गतको एउटा विधाका रूपमा बालकथालाई लिइन्छ । पाण्डे (२०७६) का दृष्टिमा बालबालिकाका लागि लेखिएको कथालाई बालकथा भनिन्छ ।

बालकथाका तत्त्व सम्बन्धमा विभिन्न धारणा पाउन सकिन्छ । घिमिरे (२०७४) का दृष्टिमा बालआख्यानमा कथावस्तु, चरित्र/पात्र, देश, काल र वातावरण, भाषाशैली र उद्देश्य लगायतका तत्त्वहरू रहेका हुन्छन् । त्यसैगरी पाण्डे (२०७६) का अनुसार बालकथामा बालबालिकाले रुचाउने विषय, बालपात्रको प्रयोग, बालमैत्री घटनाको प्रस्तुति, बालमैत्री परिवेश, जीवन उपयोगी सन्देश एवम् उमेरअनुसारको प्रस्तुतियुक्त पक्षहरू अन्तर्निहित हुन्छन् । यस सम्बन्धमा प्रधान (२०६९) ले पनि दृष्टिकोण प्रस्तुत गरेका छन् । उनका अनुसार बालकथामा कथानक, संवाद, चरित्रचित्रण र भाषाशैलीजस्ता तत्त्वहरूको आवश्यकता पर्छ । यी अवधारणालाई दृष्टिगत गर्दा बालकथाअन्तर्गत विषयवस्तु, पात्र वा चरित्र, परिवेश, भाषाशैली, उद्देश्यलगायतका तत्त्वहरू रहनुपर्ने देखिन्छ ।

बालकथाको वर्गीकरणबारे विद्वान्हरूले चर्चा गरेका छन् । पाण्डे (२०७६) ले नेपाली बालकथालाई मुख्यतः तीन प्रकारका कथा : पुनर्कथन गरिएका बालकथा, अनूदित बालकथा र मौलिक बालकथाका रूपमा वर्गीकरण गरेका छन् भने घिमिरे (२०७४) ले बालआख्यानका प्रकारलाई परम्परित आख्यान, आधुनिक आख्यान, धार्मिक, पौराणिक आख्यानमा आधारित नेपाली बालकथा, इतिहास तथा नीतिकथामा आधारित नेपाली बालकथा, लोककथामा आधारित नेपाली बालकथा र मौलिक नेपाली बालकथामा वर्गीकरण गरेका छन् ।

नेपाली बालकथाको विकासक्रम सम्बन्धमा पनि विद्वान्हरूका आआफ्नै दृष्टिकोण रहेका छन् । यस सम्बन्धमा घिमिरे (२०७४) ले आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनका अनुसार नेपाली बालकथाको विकासक्रमलाई पृष्ठभूमि काल (सुरुदेखि १९४८ सम्मको समय), प्रारम्भिक चरण (१९४९ देखि १९९५ सम्मको समय), विकास चरण (१९९६ देखि २०३५ सम्मको समय) र समसामयिक चरण (२०३६ देखि हालसम्मको समय) गरी वर्गीकरण गर्न सकिन्छ ।

बालकथाका सन्दर्भमा सैद्धान्तिक चर्चा परिचर्चाका अतिरिक्त केही अनुसन्धानात्मक कार्यहरू पनि भएका देखिन्छन् र तिनबाट विभिन्न निष्कर्षसमेत निकालिएका छन् । गौतम (२०६१) ले गरेको अध्ययनबाट प्राथमिक तहमा समाविष्ट बालकथामा समाविष्ट अनुच्छेद परिवर्तन र वाक्यको सुरुवात गर्ने कुरामा ध्यान दिइएको, बालकथा छनोटमा वाक्य छनोटमा पनि ध्यान दिइएको लगायतका निष्कर्ष निकालिएको छ । त्यसैगरी अधिकारी (२०६७) को अध्ययनबाट बालकथाले बालबालिकाको सृजनात्मक विकास, बौद्धिक विकासमा सहयोग पुऱ्याएको, बालकथाहरू बालबालिकाको क्षमता र स्तरअनुसार रहेको लगायतका निष्कर्ष निकालिएको छ । भट्टराई (२०६९) ले आफ्नो अध्ययनबाट बालकथामा भाषिक जटिलता रहेको, कतिपय बालकथा कपोकल्पित, झुटा र अलौकिक प्रसङ्गयुक्त रहेको लगायतका निष्कर्ष निकालेका छन् भने पोखेल (२०७०) ले वाक्यगत दृष्टिले बालकथाहरूको कठिनाई स्तर बालबालिकाअनुरूप

रहेको, लामा वाक्य भएका स्थानमा केही दुरुहता देखिने भए तापनि समग्रमा कथाहरू उपयुक्त रहेको लगायतका निष्कर्ष निकालेका छन् ।

उल्लिखित सैद्धान्तिक र प्रायोगिक कार्यको पुनरावलोकनका आधारमा अवेक्षण गर्दा नेपाली बालकथालाई यसका संरचनात्मक अवयवका आधारमा मात्र अध्ययन विश्लेषण भएको देखिन्छ, शैक्षणिक दृष्टिले अध्ययन, विश्लेषण गरिएको देखिँदैन । यस अर्थमा नेपाली बालकथाको शैक्षणिकतालाई अध्ययनीय रिक्तताका रूपमा लिन सकिन्छ । अतएव प्रस्तुत अध्ययन यसमै आधारित रहेर गरिएको छ ।

## अध्ययन विधि

अध्ययन, अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउने महत्तम आधारका रूपमा अध्ययनीय दृष्टिकोणलाई लिन सकिन्छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्यलाई वैयक्तिक दृष्टिकोणका माध्यमद्वारा अध्ययन, विश्लेषण गरिएको छ । यस क्रममा वास्तविकता ज्ञाताको निर्मितिमा निर्भर हुन्छ भन्ने मान्यतलाई आत्मसात गरिएको छ । अनुसन्धानका क्षेत्रमा मूलतः तीन किसिमका ढाँचाहरू व्यवहृत भएको पाइन्छ : परिमाणात्मक ढाँचा, गुणात्मक ढाँचा र मिश्रित ढाँचा । प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । वास्तवमा गुणात्मक ढाँचा प्राकृतिक रूपमा देखिने वा स्वभावैले देखापर्ने सामाजिक परिघटनाहरूसँग सम्बन्धित रहेको हुन्छ । जसलाई अनुसन्धाताले आफ्नो गहन अध्ययनमार्फत सिद्ध गर्ने गर्दछ । प्रस्तुत अनुसन्धानमा गुणात्मक ढाँचाको यस वस्तुतालाई अङ्गीकार गरिएको छ । प्रस्तुत अध्ययनको मुख्य विषय नेपाली बालकथा रहेको छ । गुणात्मक अनुसन्धानमा नमुना छनोटका लागि उपलब्ध तीन साझा तरिका : सोद्देश्यमूलक नमुना छनोट प्रणाली, कोटा छनोट प्रणाली र स्नोबल नमुना छनोट प्रणालीमध्ये यस अनुसन्धानमा सोद्देश्यमूलक नमुना छनोट प्रणालीको प्रयोग गरी नमुना छनोट गरिएको छ । प्रस्तुत अनुसन्धानमा बालकथा छनोट गर्दा बालकथाको प्रकृतिलाई ध्यान दिइएको छ । यसरी छनोट गरिएका बालकथाअन्तर्गत ईर्श्या, द्वेश र क्रोधमाथि विजय, सेती बाख्री, ढोकैमा भूत, डल्फिनको गीत र हेर्दै, खेल्दै, सिक्दै कथा रहेका छन् । यी बालकथाका रचनाकार क्रमशः रमेश विकल, भागीरथी श्रेष्ठ, शान्ति सापकोटा, विनय कसजु र विजयराज आचार्य रहेका छन् । साथै यी कथाहरू मलाई पुस्तक मन पर्छ (२०६९, रिमोट कन्ट्रोल (२०७१), नारायणीपारि (२०७३), डल्फिनको गीत (२०७४) र कुटी (२०७७) बालकथासङ्ग्रहभित्र समाविष्ट छन् । यी कथाहरूलाई सम्बन्धित रचनाकारले बालकथासङ्ग्रहको भूमिकामा उल्लेख गरेका लक्षित उमेर समूहका आधारमा छनोट गरिएको छ । प्रस्तुत अनुसन्धानमा बालकथाको शैक्षणिकता नियाल्ने क्रममा पठनबोधको स्थिति पहिचान गर्न काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकामा रहेको मङ्गल माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूमध्येबाट ५ जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । यस क्रममा सम्बन्धित विद्यालयका प्रधानाध्यापक र विषय शिक्षकबाट आवश्यक सहयोग लिइएको छ । यस अध्ययनमा गुणात्मक ढाँचाका माध्यमबाट प्राप्त तथ्यको विश्लेषण गरिएको छ । थोमस (सन् २००६) का दृष्टिमा गुणात्मक अनुसन्धानमा तथ्य विश्लेषणको कार्य कच्चा तथ्य वा सामग्रीको बहुपठन र बहुव्याख्याबाट सम्पन्न हुन्छ । जुन अनुसन्धानकर्ताद्वारा निर्धारित अनुसन्धानात्मक उद्देश्य र अनुसन्धान प्रश्नमा आधारित हुन्छ । उनको यस मान्यतालाई प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा बालकथा र विद्यार्थीबाट सङ्कलन गरिएका तथ्यहरूलाई बालकथाको विषयवस्तु, पात्र प्रयोग, भाषाशैली र पठनबोधका आधारमा विश्लेषण गरिएको छ । व्याख्या, विश्लेषणलाई व्यवस्थित र प्रभावकारी

तुल्याउनका लागि आवश्यकतानुसार उदाहरण प्रस्तुत गरिएको छ भने तथ्यबोधको सहजताका लागि पठनबोधात्मक स्थितिको ग्रेड वा स्तर निर्धारण गरी त्यसलाई तालिकामा देखाइएको छ ।

## नतिजा र छलफल

नेपाली बालकथाको शैक्षणिकता अध्ययनअन्तर्गत नमुनाका रूपमा छनोट गरिएका पाँचओटा कथाहरूको विश्लेषण गरिएको छ । शैक्षणिकता अध्ययनका क्रममा प्राप्त तथ्यलाई मुख्यतः दुईओटा आधारबाट विश्लेषण गरिएको छ । जसमध्येको पहिलो आधारअन्तर्गत बालकथाको विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीलाई लिइएको छ भने दोस्रो आधारअन्तर्गत पठनबोधलाई लिइएको छ ।

### विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीका दृष्टिले नेपाली बालकथाको शैक्षणिकता

नेपाली बालकथाको शैक्षणिकतालाई विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### सेती बाख्री कथाको शैक्षणिकता

सेती बाख्री कथालाई विषयवस्तुका दृष्टिले हेर्दा यो कथा सामाजिक विषयवस्तुमा आधारित रहेको छ । बालकथाको विषयवस्तु सामाजिक बन्न सक्ने सैद्धान्तिक आधारबाट व्याख्या गर्दा प्रस्तुत कथाको विषयवस्तु उपयुक्त देखिन्छ । पात्र प्रयोगका दृष्टिले कथालाई नियाल्दा यस कथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा माया, मायाकी आमा, मायाका बुबा, पशु डाक्टर, बगरे लगायतको प्रयोग गरिएको छ भने मानवेतर पात्रका रूपमा सेती बाख्रीको प्रयोग गरिएको छ । बालकथामा मानवीय पात्रभन्दा मानवेतर पात्रको प्रयोग थप प्रभावकारी मानिने कतिपयको सैद्धान्तिक धारणासँग प्रस्तुत कथाको पात्र प्रयोग हुबहु मिल्ने नदेखिए पनि यसमा गरिएको पात्र प्रयोगको स्थिति उपयुक्त देखिएको छ । भाषाशैलीका दृष्टिले सेती बाख्री कथालाई हेर्दा प्रस्तुत कथामा मानक भाषा प्रयोगको उल्लङ्घन गरिएको छ । वाक्यात्मक संरचनाका दृष्टिले लामालामा वाक्य (१७ शब्दसम्मका) को प्रयोग गरिएको छ । जस्तै : आफ्नो प्यारो सेती बाख्री बिरामी भएको देखेर मायालाई खान पनि मन लागेन । दिनदिनै बाख्रीलाई उचालेर बाहिर घाममा ल्याएर राख्ने र फेरि उचालेर खोरमा लैजानु पर्दा आमालाई दुःख हुँदै थियो, आदि । साथै कहीँकहीँ लाक्षणिक तथा उखानटुक्कायुक्त भाषाशैलीको समेत प्रयोग (उदाहरण : बाबुआमले मुखामुख गरे ।, मायाले हिक्का छोड्दै भनी -) गरिएको छ । समग्रतः सेती बाख्री कथा भाषाशैलीका दृष्टिले बाहेक अन्य दृष्टिले शैक्षणिक देखिएको छ ।

### ढोकैमा भूत कथाको शैक्षणिकता

प्रस्तुत अध्ययनमा लिइएको ढोकैमा भूत कथाको विषयवस्तु मनोवैज्ञानिक रहेको छ । बालकथाको विषयवस्तु मनोवैज्ञानिक हुन सक्ने सैद्धान्तिक अवधारणाबाट हेर्दा प्रस्तुत कथाको विषयवस्तु उपयुक्त देखिएको छ । पात्र प्रयोगका दृष्टिले यस कथालाई नियाल्दा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा सिमु, सिमुकी मम्मी, प्रहरी र रमेश अङ्कलको प्रयोग गरिएको छ । बालकथामा मानवेतर पात्रको प्रयोग अन्य पात्रका तुलनामा अधिक उपयुक्त ठानिने भए पनि यस कथामा गरिएको पात्र प्रयोगको स्थिति उपयुक्त देखिन्छ । भाषाशैलीका दृष्टिले प्रस्तुत कथालाई अवेक्षण गर्दा यस कथामा कहीँकहीँ लामालामा वाक्य (१६ शब्दसम्मका) को प्रयोग गरिएको छ । जस्तै : उनका साथीलाई बुबाले कुट्दा साथीले प्रहरीलाई फोन गरेको र प्रहरी तुरुन्तै आएको घटना पनि उनले सम्झिन् । सिमुको कुरा सुनेपछि प्रहरीले उनको घरको ठेगाना र नम्बर अनि मम्मीको फोन नम्बर माग्यो र भन्यो -, आदि । साथै लाक्षणिक तथा उखानटुक्कायुक्त भाषाशैलीको समेत प्रयोग (उदाहरण : सिमुले

एकै सासमा भनिन् ।, कहिलेकाहीँ डर लाग्यो भने हजुरआमाले आँखा चिम्लेर भवगान्लाई सम्झिनुहुन्थ्यो ।) गरिएको छ । समग्रतः प्रस्तुत कथालाई भाषाशैलीका दृष्टिले बाहेक अन्य दृष्टिले शैक्षणिक मान्न सकिने देखिन्छ ।

**डल्फिनको गीत कथाको शैक्षणिकता**

यस अध्ययनमा लिइएको डल्फिनको गीत कथाको विषयवस्तु प्राकृतिक रहेको छ । बालकथाको विषयवस्तु प्राकृतिक बन्न सक्ने सैद्धान्तिक दृष्टिकोणबाट अवेक्षण गर्दा प्रस्तुत कथाको विषयवस्तु उपयुक्त रहेको छ । पात्र प्रयोगका दृष्टिले प्रस्तुत कथालाई हेर्दा यस कथामा मानवीय-मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा रमैया, समैयाका आमाबुबा आएका छन् भने मानवेतर पात्रका रूपमा डल्फिन देखा परेका छन् । मानवीय-मानवेतर पात्रको युक्तियुक्त प्रयोगले प्रस्तुत कथा उपयुक्त देखिएको छ । भाषाशैलीका दृष्टिले प्रस्तुत कथालाई नियाल्दा कहीँकहीँ लामालामा वाक्य (२० शब्दसम्मका) को प्रयोग गरिएको छ । जस्तै : आफ्नो स्कुलमा डल्फिनको गीत सुनाएर उनले साथीहरूलाई मक्ख पार्थिन् भने डल्फिनको स्कुलमा आफ्नो स्कुलको गीत सुनाएर सानासाना डल्फिनहरूलाई छक्क पार्थिन् । घर फर्कने बेलामा डल्फिनहरूले उनलाई कर्णाली नदीको गहिरो पिँधमा पाइने चम्किलो रातो मुगाको माला उपहार दिए, आदि । अन्य दृष्टिले भने प्रस्तुत कथाको भाषाशैली उपयुक्त देखिन्छ । समग्रतः डल्फिनको गीत कथा बालबालिकाहरूका लागि भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक देखिएको छ ।

**हेर्दै, खेल्दै, सिक्दै कथाको शैक्षणिकता**

प्रस्तुत अध्ययनमा लिइएको हेर्दै, खेल्दै, सिक्दै कथाको विषयवस्तु वैज्ञानिक रहेको छ । बालकथाको विषयवस्तु वैज्ञानिक हुन सक्ने सैद्धान्तिक दृष्टिकोणबाट नियाल्दा प्रस्तुत कथाको विषयवस्तु उपयुक्त रहेको छ । पात्र प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत कथामा मानवीय-मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा सिएल सर, शर्मिला, रोशन, निर्मला, उमानन्द, धर्म डङ्गोल आदि देखा परेका छन् भने मानवेतर पात्रका रूपमा बाँदर देखापरेको छ । बालकथामा मानवेतर पात्रको प्रयोग अधिक उपयुक्त मानिने भए पनि यस कथामा प्रयोग गरिएको मानवीय-मानवेतर पात्रको संयोजन उपयुक्त देखिएको छ । भाषाशैलीका दृष्टिले प्रस्तुत कथालाई अवेक्षण गर्दा प्रस्तुत कथामा कहीँकहीँ लामालामा वाक्य (२५ शब्दसम्मका) को प्रयोग गरिएको छ । जस्तै : मरेको चरा वा जनावरको शरीरबाट भित्रको सम्पूर्ण भाग निकालेर कपास, नरिवलको जुट इत्यादिलाई छालाभित्र कोचेर जस्ताको तस्तै जीव, जन्तु, चराचुरुङ्गीको बनोट बनाउने कामलाई टेक्सिडर्मी भनिन्छ । हरियो बत्ती बल्यो भने खान हुने, पहेँलो बत्ती बल्यो भने खान नहुने र रातो बत्ती बल्यो भने विषालु च्याउ हो भन्ने थाहा पाउनु पर्छ, आदि । ठाउँठाउँमा लाक्षणिक तथा उखानटुक्कायुक्त भाषाको प्रयोग (उदाहरण : सीएल सरले गजक्क पर्दै भन्नुभयो, मेरो मुखबाट फुत्किहाल्यो, सीएल सरले आँखा तर्दै भन्नुभयो, आदि ।) गरिएको छ । साथै अङ्ग्रेजी शब्दहरूको उल्लेख्य प्रयोग गरिएको छ । समग्रतः हेर्दै, खेल्दै र सिक्दै कथा भाषाशैलीका दृष्टिले बाहेक अन्य दृष्टिले उपयुक्त देखिएको छ ।

**ईर्श्या, द्वेष र क्रोधमाथि विजय कथाको शैक्षणिकता**

अध्ययनका क्रममा लिइएको ईर्श्या, द्वेष र क्रोधमाथि विजय कथाको विषयवस्तु सामाजिक रहेको छ । बालकथाको विषयवस्तु सामाजिक बन्न सक्ने सैद्धान्तिक आधारबाट हेर्दा प्रस्तुत कथाको विषयवस्तु उपयुक्त रहेको छ । पात्र प्रयोगका दृष्टिले यस कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा गुरु रामदासजी, दुष्ट मानिसलगायतको प्रयोग गरिएको छ । बालकथामा मानवेतर

पात्रको प्रयोग थप प्रभावकारी मानिने सैद्धान्तिक मान्यतासँग पूर्णतः नमिल्ने देखिए पनि यस कथाको पात्र प्रयोगगत स्थिति अनुपयुक्त भने देखिदैन । प्रस्तुत कथालाई भाषाशैलीका दृष्टिले नियाल्दा यस कथामा विषयबारेको अतिरिक्त वर्णन गरिएको छ। कहीँकहीँ लामालामा वाक्य (३४ शब्दसम्मका) को प्रयोग गरिएको छ । जस्तै : नभए पनि त्यसलाई असामाजिक तत्त्व, भ्रष्टाचार, अनाचार र यस्तै अकल्याणकारी, अनिष्टकारी र देश समाजलाई अधोगतितिर लैजाने तत्त्वतिर लक्षित गराएर त्यसको प्रतिकारमा लगाउन सके पनि क्रोधको किञ्चित सदुपयोग भएर देश र जनको (स्वयम्को पनि) कल्याण नै गर्नेछ ।, त्यस क्रोधले दुष्टको दुष्टता नाश गर्ने र त्यसलाई सत् मार्गमा ल्याउने कार्य गर्छ भने समयसापेक्ष त्यसको प्रयोग पनि विल्कुलै निषेध हुनु हुँदैन, आदि। साथै आलङ्कारिक वाक्य संरचनाको पनि प्रयोग गरिएको छ। समग्रतः प्रस्तुत कथा भाषाशैलीको प्रयोगव्यवहारका दृष्टिले बाहेक अन्य दृष्टिले शैक्षणिक रहेको देखिन्छ।

नेपाली बालकथाको शैक्षणिकतालाई विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीका दृष्टिले अध्ययन गर्दा सबै कथा विषयवस्तुका दृष्टिले शैक्षणिक देखिन्छन्। पात्र प्रयोगका दृष्टिले ठिकै देखिन्छन् भने भाषाशैलीका दृष्टिले कम शैक्षणिक देखिन्छन् ।

## पठनबोधका दृष्टिले नेपाली बालकथाको शैक्षणिकता

नेपाली बालकथालाई पठनबोधका दृष्टिले अध्ययन गर्दा नवीन तथ्य प्राप्त गरिएको छ । यस अध्ययनमा नमुनाका रूपमा लिइएका ५ जना विद्यार्थीले दिएका पठनबोधसम्बन्धी प्रश्नका उत्तरको विश्लेषण गरिएको छ ।

## सेती बाखी कथाको शैक्षणिकता

सेती बाखी कथाको पठनबोधबाट प्राप्त उत्तरको परीक्षण गर्दा २ जना विद्यार्थीले पूर्णाङ्क १० मा ७ र ३ जना विद्यार्थीले ६-६ अङ्क प्राप्त गरेका छन्। जसलाई निम्नानुसार श्रेणीकृत गरिएको छ :

तालिका ४

*सेती बाखी बालकथाको पठनबोध स्थिति*

| प्राप्ताङ्क प्रतिशत | श्रेणी | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| ९० र सोभन्दा माथि | A+ | |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | २ |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | ३ |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | |
| ३५ भन्दा कम | NG | |
| विद्यार्थी सङ्ख्या | | ५ |

सेती बाख्री कथाको पठनबोधबाट प्राप्त माथिको नतिजालाई विश्लेषण गर्दा ७० र सोभन्दा माथि ८० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थीको सङ्ख्या २ रहेको छ भने ६० र सोभन्दा माथि ७० प्रतिशत ल्याउने विद्यार्थीको सङ्ख्या ३ रहेको छ । यसलाई निर्धारित श्रेणीमा राखेर हेर्दा ५ जना विद्यार्थीमध्ये २ जना विद्यार्थीको श्रेणी B+ रहेको देखिन्छ भने ३ जना विद्यार्थीको श्रेणी B रहेको देखिन्छ । यस आधारमा पर्यावलोकन गर्दा सेती बाख्री कथा शैक्षणिकताका दृष्टिले मध्यम रहेको देखिन्छ ।

**ढोकैमा भूत कथाको शैक्षणिकता**

ढोकैमा भूत कथाको पठनबोधबाट प्राप्त उत्तरको परीक्षण गर्दा १ जना विद्यार्थीले पूर्णाङ्क १० मा ७ र ४ जनाले विद्यार्थीले ६, ६, ६, ६ अङ्क प्राप्त गरेका छन् । जसलाई निम्नानुसार श्रेणीकृत गरेर देखाउन सकिन्छ :

**तालिका ५**

*ढोकैमा भूत बालकथाको पठनबोध स्थिति*

| प्राप्ताङ्क प्रतिशत | श्रेणी | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| ९० र सोभन्दा माथि | A+ | |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | १ |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | ४ |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | |
| ३५ भन्दा कम | NG | |
| विद्यार्थी सङ्ख्या | | ५ |

ढोकैमा भूत बालकथाको पठनबोधबाट प्राप्त माथिको नतिजालाई विश्लेषण गर्दा ७० र सोभन्दा माथि ८० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी १ जना, ६० र सोभन्दा माथि ७० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी ४ जना रहेका छन् । यसलाई निर्धारित श्रेणीमा राखेर हेर्दा ५ जना विद्यार्थीमध्ये १ जना विद्यार्थीको श्रेणी द्यं रहेको देखिन्छ। ४ जना विद्यार्थीको श्रेणी द्य रहेको देखिन्छ। यस आधारमा पर्यावलोकन गर्दा ढोकैमा भूत कथा शैक्षणिकताका दृष्टिले मध्यम रहेको देखिन्छ ।

**डल्फिनको गीत कथाको शैक्षणिकता**

डल्फिनको गीत कथाको पठनबोधबाट प्राप्त उत्तरको परीक्षण गर्दा २ जना विद्यार्थीले पूर्णाङ्क १० मा ७, २ जनाले १० मा ६ र १ जनाले १० मा ५ अङ्क प्राप्त गरेका छन् । जसलाई निम्नानुसार श्रेणीकृत गरेर देखाउन सकिन्छ :

**तालिका ६**

*डल्फिनको गीत बालकथाको पठनबोध स्थिति*

| **प्राप्ताङ्क प्रतिशत** | **श्रेणी** | **विद्यार्थी सङ्ख्या** |
|---|---|---|
| ९० र सोभन्दा माथि | A+ | |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | २ |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | २ |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | १ |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | |
| ३५ भन्दा कम | NG | |
| विद्यार्थी सङ्ख्या | | ५ |

डल्फिनको गीत बालकथाको पठनबोधबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा ७० र सोभन्दा माथि ८० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी २ जना, ६० र सोभन्दा माथि ७० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी २ जना रहेका छन् भने र ५० र सोभन्दा माथि ६० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी १ जना रहेको छ । यसलाई निर्धारित श्रेणीमा राखेर हेर्दा ५ जना विद्यार्थीमध्ये २ जना विद्यार्थीको श्रेणी घं रहेको देखिन्छ। त्यसैगरी अर्का २ जना विद्यार्थीको श्रेणी घ रहेको देखिन्छ भने १ जना विद्यार्थीको श्रेणी ऋं रहेको देखिन्छ। यस आधारमा पर्यावलोकन गर्दा डल्फिनको गीत कथा शैक्षणिकताका दृष्टिले मध्यम रहेको देखिन्छ।

**हेर्दै, खेल्दै, सिक्दै कथाको शैक्षणिकता**

हेर्दै, खेल्दै, सिक्दै बालकथाको पठनबोधबाट प्राप्त उत्तरको परीक्षण गर्दा १ जना विद्यार्थीले पूर्णाङ्क १० मा ८, ३ जनाले ७ र १ जनाले ६ अङ्क प्राप्त गरेका छन् । जसलाई निम्नानुसार श्रेणीकृत गरेर देखाउन सकिन्छ :

**तालिका ७**

*हेर्दै, खेल्दै, सिक्दै बालकथाको पठनबोध स्थिति*

| प्राप्ताङ्क प्रतिशत | श्रेणी | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| ९० र सोभन्दा माथि | A+ | |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | १ |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | ३ |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | १ |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | |
| ३५ भन्दा कम | NG | |
| विद्यार्थी सङ्ख्या | | ५ |

हेर्दै, खेल्दै, सिक्दै बालकथाको पठनबोधबाट प्राप्त माथिको नतिजालाई विश्लेषण गर्दा ८० र सोभन्दा माथि ९० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी १ जना, ७० र सोभन्दा माथि ८० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी ३ जना र ६० र सोभन्दा माथि ७० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी १ जना रहेका छन् । यसलाई निर्धारित श्रेणीमा राखेर हेर्दा ५ जना विद्यार्थीमध्ये १ जना विद्यार्थी श्रेणी A रहेको देखिन्छ । ३ जना विद्यार्थीको द्यं रहेको देखिन्छ भने १ जना विद्यार्थीको श्रेणी द्य रहेको देखिन्छ । यस आधारमा पर्यावलोकन गर्दा हेर्दै, खेल्दै, सिक्दै कथाको शैक्षणिकता मध्यम रहेको देखिन्छ ।

**ईर्ष्या, द्वेष र क्रोधमाथि विजय कथाको शैक्षणिकता**

ईर्ष्या, द्वेष, क्रोधमाथि विजय बालकथाको पठनबोधबाट प्राप्त उत्तरको परीक्षण गर्दा २ जना विद्यार्थीले १० पूर्णाङ्कमा मा ८, २ जनाले ७ र १ जनाले ६ अङ्क प्राप्त गरेका छन् । जसलाई निम्नानुसार श्रेणीकृत गरेर देखाउन सकिन्छ :

**तालिका ८**

*ईर्ष्या, द्वेष र क्रोधमाथि कथाको शैक्षणिकता*

| प्राप्ताङ्क प्रतिशत | श्रेणी | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| ९० र सोभन्दा माथि | A+ | |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | २ |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | २ |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | १ |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | |
| ३५ भन्दा कम | NG | |
| विद्यार्थी सङ्ख्या | | ५ |

ईर्ष्या, द्वेष र क्रोधमाथि विजय बालकथाको पठनबोधबाट प्राप्त माथिको नतिजालाई विश्लेषण गर्दा ८० र सोभन्दा माथि ९० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी २ जना, ७० र सोभन्दा माथि ८० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी २ जना र ६० र सोभन्दा माथि ७० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी १ जना रहेका छन् । यसलाई निर्धारित श्रेणीमा राखेर हेर्दा ५ जना विद्यार्थीमध्ये २ जना विद्यार्थीको श्रेणी ब रहेको देखिन्छ भने अन्य २ जना विद्यार्थीको श्रेणी द्यं रहेको देखिन्छ । १ जना विद्यार्थीको चाहिँ द्य श्रेणी रहेको देखिन्छ । यस आधारमा पर्यावलोकन गर्दा ईर्ष्या, द्वेष र क्रोधमाथि विजय कथाको शैक्षणिकता मध्यम रहेको देखिन्छ ।

शैक्षणिकताका दृष्टिले अध्ययन गरिएका नेपाली बालकथाको समष्टिगत स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

**तालिका ९**

*नेपाली बालकथाको शैक्षणिकता*

| बालकथा | शैक्षणिक स्थिति | |
|---|---|---|
| | विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीका दृष्टिले शैक्षणिकता | पठनबोधका दृष्टिले शैक्षणिकता |
| सेती बाख्री | भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक | मध्यम |
| ढोकैमा भूत | भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक | मध्यम |
| डल्फिनको गीत | भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक | मध्यम |
| हेर्दै, खेल्दै, सिक्दै | भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक | मध्यम |
| ईर्ष्या, द्वेष र क्रोधमाथि विजय | भाषाशैलीका दृष्टिले बाहेक शैक्षणिक | मध्यम |

पठनबोधसम्बद्ध उल्लिखित तालिकाका आधारमा पर्यावलोकन गर्दा नेपाली बालकथाको शैक्षणिकता मध्यम देखिन्छ ।

## निष्कर्ष

नेपाली बालकथालाई विषयवस्तु, पात्र प्रयोग, भाषाशैली र पठनबोधका दृष्टिले हेर्दा नवीन तथ्य प्राप्त गरिएको छ । नेपाली बालकथाको शैक्षणिकतालाई विषयवस्तु, पात्र प्रयोग र भाषाशैलीका दृष्टिले हेर्दा अध्ययनमा लिइएका सिबै कथाहरू विषयवस्तुका दृष्टिले शैक्षणिक देखिएका छन् भने पात्र प्रयोगका दृष्टिले ठिकै मात्र देखिएका छन् । भाषाशैलीका दृष्टिले भने नेपाली बालकथाहरू कम शैक्षणिक देखिन्छन् । पठनबोधका दृष्टिले हेर्दा नेपाली बालकथाहरू मध्यम प्रकृतिका देखिएका छन् । विद्यार्थीहरूले सम्बन्धित बालकथाहरूको अध्ययन गरी दिएका प्रतिक्रियाको विश्लेषणका आधारमा प्राय: सबै कथाहरू बालबालिकाको उमेर र स्तरअनुसारका नरहेका देखिन्छन् । यसलाई गर्दा बालकथाका सर्जकहरूले र यस क्षेत्रमा क्रियाशील बालसाहित्यकारहरूले बालकथा रचना गर्दा मुख्यत: भाषाशैली र पठनबोधमा ध्यान दिनुपर्ने देखिन्छ । त्यसो हुन सकेको अवस्थामा मात्र रचना गरिएका बालकथाहरू उपयोगी हुन सक्छन् । प्रस्तुत अध्ययनले नेपाली बालसाहित्यको क्षेत्रमा क्रियाशील तथा यस क्षेत्रमा आधारित भई अध्ययन अनुसन्धान गर्न चाहने जोकोहीका लागि पनि आवश्यकीय आधार उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सूची


अधिकारी, विनु (२०६७), *कोपिला साप्ताहिक बालपत्रिकामा प्रयुक्त बालकथाहरूको अध्ययन विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, शारदा (सन् २००७) सय वर्षको नेपाली बालआख्यान (कथा र उपन्यास) को ऐतिहासिक विकासक्रम, मूल प्रवृत्ति र उपलब्धि *नेपाली बालसाहित्यको सय वर्ष,* काठमाडौं : नेपाली बालसाहित्य समाज ।

गौतम, कृष्णप्रसाद (२०६१), *प्राथमिक तहमा समाविष्ट बालकथाको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

घिमिरे, ध्रुवकुमार (२०७४), *बालसाहित्य केही सैद्धान्तिक विमर्श,* काठमडौं : हिमालय बुक स्टल ।

डेन्जिन, एन. (सन् २००५), *सोसिओलोजिकल मेथड्स : अ सोर्सबुक,* : एल्डिन ट्रान्ससेक्सन ।

थोमस, डी. आर. (सन् २००६), अ जनरल इन्डक्टिभ एप्रोच फर एनलाइजिङ क्वालिटेटिभ इभालुएसन डाटा, *अमेरिका जर्नल अफ इभालुएसन,* २७ (२), २३७-२४६ ।

पराजुली, रञ्जुश्री (२०६८), *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पाण्डे, रामदेव (२०७६), *प्रज्ञा नेपाली बालकथा,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखेल, चन्द्रकला (२०७०), *जूनतारा बालपत्रिकामा समाविष्ट गरिएका कथाहरूको अध्ययन विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास* (ते.सं.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

भट्टराई, बद्रीप्रसाद (२०६९), *नागरिक दैनिकको साप्ताहिक परिशिष्टाङ्क जुनकिरीमा समाविष्ट बालकथाहरूको अध्ययन विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

श्रेष्ठ, तेजप्रकाश (२०७०), *नेपाली बालकथाको विकासक्रम,* नवप्रज्ञापन, काठमाडौँ : नवराज रिजाल ।